# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

(स्वास्थ्य, उद्योग,वाणिज्य, भुमिसुधर तथा श्रम महानिर्देशनालय)

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः–२०७४।७५
च.नं: १६२

मितिः–२०७४।०६।२४

विषयः– **लेखापरीक्षण अख्तियारी ।**

निर्देशक श्री मात्रिका प्रसाद घिमिरे
महालेखा परीक्षकको कार्यालय,
पुल्चोक, ललितपुर ।

उपर्यूक्त सम्बन्धमा फाकफोकथुम गाउँपालिका इलामको आर्थिक वर्ष २०७३।७४ को विनियोजन,राजश्व,धरौटी तथा अन्य कारोबार भए सो समेतको लेखापरीक्षण गर्न महालेखा परीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७४ बमोजिम वित्तिय लेखापरीक्षण एवं सम्परीक्षण गर्न तपाईलाई टोली प्रमुख खटाईएको छ । तपाईको नेतृत्वमा मिति २०७४।६।१४ देखि २०७४।६।१४ सम्म १ दिन कार्यअवधि रहने गरी लेखापरीक्षण अधिकारी ~~श्री चन्द्र प्रकाश~~ श्री चन्द्र शेखर घिमिरे, रेग्मी, श्री कमला कुमारी कार्की तथा श्री हरि प्रसाद पाठक र लेखापरिक्षणमा नियुक्त हुनुभएका लेखापरीक्षक श्री युवराज गौतमलाई खटाइएको छ ।

**<u>बोधार्थ तथा कार्यार्थः</u>–**

श्री, फाकफोकथुम गाउँपालिका
इलाम :– टोलीलाई लेखापरीक्षण कार्यमा आवश्यक सहयोग गर्नुहुन ।
लेखापरिक्षक श्री युवराज गौतमः उक्त नगरपालीका तथा गाँउपालिकाको लेखापरीक्षणको लागी टोलीप्रमुख संग सम्पर्क राखी '' '' चन्द्रशेखर घिमिरे निर्देशानुसार कार्य गर्नुहुन ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखा परीक्षक


*email : oagnep@ntc.net.np, info@oagnep.gov.np*
*Web Page: www.oagnep.gov.np*


"सुशासन प्रवर्द्धनका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
डोरमुकाम इलाम

अ.छा.बे.

Phone:: 5010081
5010066
5010247
5010115
Post Box: 13328

पुल्चोक, ललितपुर, नेपाल
Pulchok, Lalitpur, Nepal


पत्र संख्याः ०७४।०७५
चं.नं.: ६१

मितिः २०७४।८।९

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
फाकफोकथुम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, फिक्कल ईलाम ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।८।८ मा छलफल पश्चात् तयार गरिएको पाना ८(आठ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थ :**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाडौंः प्रतिवेदन संलग्न छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय,
इलामः प्रतिवेदन संलग्न छ ।

भवदीय,
मा.प्र.घिमिरे
(मात्रिका प्रसाद घिमिरे)
निर्देशक

# आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः फाकफोकथुम गाउँपालिका, इलाम ।

आर्थिक वर्षः २०७३।०७४

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुखः | श्री डील्लीराम सुवेदी | २०७३/१२/०१ | हालसम्म | ६३०६३३.०० |
| लेखा प्रमुखः | श्री मधुर नेपाली | २०७३/१२/२४ | हालसम्म | ६३०६३३.०० |

**फाकफोकथुम गाउँपालिका**

**एकीकृत आय-व्ययको विवरण**

**गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म**

| क्र.सं. | आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | मौज्दात/जि.वि.स. फिर्ता | जम्मा |
| क | साविक गाउँ विकास समितितर्फ -२०७३।४।१-११।२७ | | | | | | |
| १ | फाकफोक गाउँ विकास समिति | २३९१८।४० | ८०२४८६९।५० | ८०४८७८७।९० | ४४२६३९८।०० | ३६२२३८९।९० | ८०४८७८७।९० |
| २ | आमचोक गाउँ विकास समिति | १२१२४३।६३ | ७३११०९४।०० | ७४३२३३७।६३ | ६०८२६४६।२९ | १३४९६९१।३४ | ७४३२३३७।६३ |
| ३ | फुएतप्पा गाउँ विकास समिति | ५६०११।४६ | ६५८१८६०।०० | ६६३७८७१।४६ | ५८३९१९६।०० | ७९८६७५।४६ | ६६३७८७१।४६ |
| ४ | लुम्दे गाउँ विकास समिति | २५५९०६।०० | ५९६२८३७।५० | ६२१८७४३।५० | ३९९०७१०।०० | २२२८०३३।५० | ६२१८७४३।५० |
| ५ | एकतप्पा गाउँ विकास समिति | ४०३८५।०० | ७८४३१५०।०० | ७८८३५३५।०० | ५३७८१५६।७५ | २५०५३७८।२५ | ७८८३५३५।०० |
| ख | **जम्माः** | **४९७४६४।४९** | **३५७२३८११।००** | **३६२२१२७५।४९** | **२५७१७१०७०४** | **१०५०४१६८।४५** | **३६२२१२७५।४९** |
| | **फाकफोकथुम गाउँपालिका** | १०५०४१६९।९५ | २७२८७०८१।०० | ३७७९१२५०।९५ | ३१९७९१७४।८० | ५८१२०७६।१५ | ३७७९१२५०।९५ |
| | **कूल जम्मा** | **११००१६३४।४४** | **६३०१०८९२।००** | **७४०१२५२६।४४** | **५७६९६२८१।८४** | **१६३१६२४४।६०** | **७४०१२५२६।४४** |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|
| | फाकफोकथुम गाउँपालिका |

**परिचय**: स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेहीता बहन गरी स्थानीय विकास गर्न स्रोत साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रिया पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासको लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजि क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्ने जस्ता कार्यको लागि यस कार्यालयको स्थापना भएको हो ।

**गाउंपालिकाको कार्यालयको उद्देश्य**: नेपाल सरकार एवं स्थानीय निकायमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु गाउँ पालिका कार्यालयको मुख्य उद्देश्य हो ।

**स्थानिय निकायको अधिकार क्षेत्र**: नेपालको संविधानको अनुसुची ७ र ९ मा स्थानिय तहको साझा अधिकारका बारेमा उल्लेख गरेको छ भने अनुसुची ८ मा स्थानिय तहको देहायका अधिकारका बारेमा स्पष्ट व्यवस्था गरेको छ ।

स्थानीय तहको अधिकारको सूची

- नगर प्रहरी
- सहकारी संस्था
- एफ एम सञ्चालन
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाइ

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|

- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन घर जग्गा धनी पुर्जा वितरण कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

उल्लेखित अधिकार कार्यान्वयनको लागि हालसम्म आवश्यक ऐन नियमको व्यवस्था भै नसकेको अवस्था रहेको छ।

### लेखापरीक्षणकोउद्देश्य र क्षेत्र

**लेखापरीक्षणको कानूनी व्यवस्था**:नेपालको संविधानको धारा २४१ मा स्थानीय तहको समेत लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था रहेको छ। संविधानमा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरिएको छ।

**लेखापरीक्षणको उद्देश्य**: कार्यालयबाट पेश भएको एकिकृत व्यय विवरणले समग्र आर्थिक कारोवारलाई यथार्थ रुपमा प्रस्तुत गरे नगरेको, प्रचलित कानून वमोजिम कारोवार संचालन गरी लेखाङ्कन गरे नगरेको, स्वीकृत कार्यक्रम अनुरुप कार्य सञ्चालन गरे नगरेको सम्बन्धमा परीक्षण गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

**लेखापरीक्षणको क्षेत्र**: गाउँ विकास समितिको आर्थिक कारोबार र सोको जिम्मेवारी, सम्पत्तीको व्यवस्थापन, गाउँपालिकाको सबै आम्दानी तथा खर्च, केन्द्रीय निकासा तथा अन्य आय–व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायत आर्थिक वर्ष २०७३।७४ सम्मका क्रियाकलापलाई लेखापरीक्षण क्षेत्र भित्र समावेश गरिएको छ।

### लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

१. **आय-व्यय विवरण**:

वार्षिक आय व्यय विवरण

आ ब २०७३/७४

| आय तर्फ | | | | व्यय/मौज्दात तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि नं. | विवरण | रकम | रकम | सि नं. | विवरण | रकम | रकम |
| १ | **शुरु मौज्दात** | | १०५०४१६९.९५ | १ | **खुद खर्च** | | ३१९७९१७४.८० |
| | साविक गा.वि.स बाट हस्तान्तरण | | | | चालु खर्च | २५५३४०८.३० | |
| | क. संचित कोष | १०३८५४४१.९५ | | | पुँजिगत खर्च | १४२३०५६६.५० | |
| | ख. कर्मचारी कल्याण कोष | १८६३५.०० | | | सामाजिक सुरक्षा | १५१९५२००.०० | |
| | ग. मर्मत संभार कोष | ९८२०५.०० | | | | | |
| | घ. प्रकोप व्यवस्थापन | ९८०.०० | | २ | **पेश्की खर्च** | | ०.०० |
| | ङ. नगद मौज्दात | ९०८.०० | | | चालु खर्च | ०.०० | |
| २ | **आन्तरिक श्रोत** | | २८६४६६.५० | | पुँजिगत खर्च | ०.०० | |
| | आन्तरिक श्रोत आय | २८६३७४.५० | | | | | |
| | अन्य आय | ९२.०० | | ३ | **मौज्दात** | | ५८१२०७६.१५ |
| ३ | **वाह्य श्रोत** | | २६९७५३१७.५० | | सचित कोष खाता | ५६६८९५९.१५ | |
| | संघीय संरचना पूर्वाधार विकास कार्यक्रम | १००००००००.०० | | | कर्मचारी कल्याण कोष | १८६३५.०० | |
| | गाउँ विकास समिति अनुदान | ६४०८९१७.५० | | | मर्मत संभार कोष | ९८२०५.०० | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ९५७८४००.०० | | | प्रकोप व्यवस्थापन कोष | २६२७७.०० | |
| | जिल्ला विकास समितिबाट प्राप्त अनुदान | ९८८०००.०० | | | | | |
| ४ | **विशेष कोष** | | २५२९७.०० | | | | |
| | प्रकोप व्यवस्थापन कोष | २५२९७.०० | | | | | |
| | जम्मा | | ३७७९१२५०.९५ | | जम्मा | | ३७७९१२५०.९५ |

२. **आर्थिक अवस्था**:नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ।) यस आर्थिक बर्षमा साविक ५ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु. ३७७९१२५०।९५ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमारु. ३१९७९१७४।८० खर्च भई रु. ५८१२०७६।१५ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. ३७७९१२५०।९५ मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु. २८६३७४।५० (०.७६ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था नाजुक देखिएको छ। यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ।

३. **लेखाप्रणाली**: स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था भएतापनि गाउपालिकाले संचित कोष, चालू खाता र पुँजिगत खाताको बैंक नगदि किताब बाहेक

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|
| | अन्य कोष खाताहरुको बैंक नगदि किताब तयार गरेको पाइएन। |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली**:विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा निम्नानुसारको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छः<br>दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन भएको छैन,<br>• खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई राखेको छैन।<br>• मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक गरेको छैन,<br>• कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन,<br>• अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजूको अभिलेख व्यवस्थित छैन।<br>• कार्यविवरण तयार गरि कर्मचारीको अधिकार र जिम्मेवारी तोकेको छैन।<br>• खप्ने जिन्सी सामानको संकेत प्रदान गरेको छैन।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन,<br>• सेवा प्रवाहमा नागरिक सुचनाको लागि हेल्प डेस्क र नागरिक वडापत्रको व्यवस्था छैन।<br>• सबै योजनाहरुको नियमानुसार सार्वजनिक लेखापरीक्षण गराएको छैन।<br>• आन्तरिक आयको अभिलेख व्यवस्थित गरेको छैन।<br>• प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन। |
| ५. | **राजस्व असुली तथा दाखिला** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन। यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन। बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ। |
| ६. | **आम्दानी ढिला दाखिला -** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२, १३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। आम्दानी रकम नियमावलीले तोके वमोजिम दाखिला गर्नु पर्नेमा सो गरेको देखिएन। कार्यलयबाट शिर्षकगत आम्दानीको खाता तथा आम्दानी रसिद पेश नभएको र आर्थिक विवरणमा आन्तरीक आय बैंक दाखिलाको आधारमा प्रस्तूत गरिएबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएको देखिएन। आम्दानी रकम नियमावलीले तोके वमोजिम गर्नु पर्दछ। |
| ७. | **स्रोत नक्सांकन -** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पुर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन। |
| ८. | **वार्षिक खरिद योजना तयार नगरेको**:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष रु. २८,९५,६१७।१६ को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सङ्घीय संरचनामा नयाँ गाँउ पालिका खोल्नु परेको र कार्यालय सन्चालनको लागि तत्काल आवस्यक सामान खरिद गर्नु परेकोले योजनाबद्ध खरिद कार्य हुन नसकेको जानकारी कार्यालयले गराएता पनि खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आवशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ। |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं./ मिति र व्यहोरा</th></tr>
<tr><td>९.</td><td>मालसामानको लागत अनुमान तयार नगरेको:– सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td></tr>
<tr><td>१०.</td><td>बरबुझारथ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।</td></tr>
<tr><td>११.</td><td>सम्पत्ति हस्तान्तरण– स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ ।</td></tr>
<tr><td>१२.</td><td>प्रमाण पेश नभएको - भौ.नं.४।२०७४।२।२१मा लेखांकन गरिएको भ्रमण खर्च रु. ५१२३२५।० तीन जना व्यक्तीहरुले पेश गरेको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा भूक्तानी गरेको देखिएको भएतापनि सम्बन्धित व्यक्तीले रकम बूझेको देखिएन । उक्त रकम मध्ये कार्यलय प्रमूखले पेश गरेको रु.१७०२५।० बराबरको भ्रमण बिलको परिक्षण गर्दा निर्वाचन गोष्ठी ३ दिन र स्थानीय तह संचालन गोष्ठिमा ५ दिन भाग लिन जांदाको भ्रमण खर्च भएको भएतापनि उक्त गोष्ठीमा सहभागी हून गरिएको अनूरोध। जानकारी तथा गाउंपालिकाको तर्फबाट गोष्ठीमा सहभागी हून पठाइएको पत्र संलग्न गरेको देखिएन । तसर्थ भ्रमण आदेश वेगर रकम भुक्तानी भएको उक्त रकमको भुक्तानी सम्वन्धमा एकिन गर्न नसकिएको रु ५१२३२५।०</td></tr>
<tr><td>१३.</td><td>मुअकर दर्ता - सार्व जनिक खरीद नियमावली, २०६४ को नियम १९ बमोजिम रु २० हजार भन्दा वढीको खरीद कार्य गर्दा मु.अ. करमा दर्ता भएको व्यक्ती, फर्म, संस्था बा कम्पनीसग मात्र खरिद गर्नुपर्नेमा निम्नानुसारको मालसामान खरिदमा मु.अ. कर मा दर्ता नभएका सँग कारोवार गरेको देखियो । खरीद कार्य गर्दा नियमको प्रावधानको पालना गर्नु पर्ने देखियो ।
<table>
<tr><th>सि.नं</th><th>भौ.नं.मिति</th><th>सामानको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२०७४/२/१९</td><td>प्रनिश बुक्स एण्ड स्लार्यस वाट कार्यालय सामान</td><td>२४६४०.०</td></tr>
<tr><td>२</td><td>२०७४/२/२०</td><td>सुर्योदय प्रिटर्सवाट कार्यालय सामान</td><td>६४०००.०</td></tr>
</table>
</td></tr>
<tr><td>१४.</td><td>साबिक फाकफोक गाउँ विकास समिति<br>आय-व्यय विवरण:<br>वार्षिक आर्थिक विवरण<br>आ.ब. २०७३/७४<br>२०७३ फागुन २६ सम्मको
<table>
<tr><th colspan="3">आाय तर्फ</th><th colspan="3">व्यय तर्फ</th></tr>
<tr><th colspan="2">विवरण</th><th>रकम</th><th colspan="2">विवरण</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको मौज्दात</td><td></td><td>२३९१८।४०</td><td>चालु खर्च</td><td></td><td>२५०७९८०।००</td></tr>
<tr><td>क) गाविस कोष</td><td>२३९१८।४०</td><td></td><td>क) नेपाल सरकार चालु अनुदान</td><td>३९३५८०।००</td><td></td></tr>
<tr><td>यस वर्षको आय (गाविस कोष)</td><td></td><td>८०२४८६९।५०</td><td>ख) विविध चालु अनुदान</td><td>८९६००।००</td><td></td></tr>
<tr><td>क) आन्तरिक आय मालपोत</td><td>१८८५२।००</td><td></td><td>ग) सामाजिक सुरक्षा</td><td>२०२४८००।००</td><td></td></tr>
<tr><td>ख) आन्तरिक आय दस्तुर</td><td>३९९५०।००</td><td></td><td>पुंजिगत खर्च</td><td></td><td>१९१८४१८।००</td></tr>
<tr><td>ग) नेपाल सरकार अनुदान</td><td>२९०८८६७।५०</td><td></td><td>क) नेपाल सरकार पुंजिगत अनुदान</td><td>१७४७४१८।००</td><td></td></tr>
<tr><td>घ) जिल्ला विकास समिति अनुदान</td><td>१०१००००।००</td><td></td><td>ग) विविध पुंजीगत अनुदान</td><td>१७१०००।००</td><td></td></tr>
<tr><td>ङ) सामाजिक सुरक्षा</td><td>४०४७२००।००</td><td></td><td>मौज्दात</td><td></td><td>३६२२३८९।९०</td></tr>
<tr><td></td><td></td><td></td><td>क) गाविस कोष</td><td>३६२२३८९।९०</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०४८७८७।९०</td><td colspan="2">जम्मा</td><td>८०४८७८७।९०</td></tr>
</table>
</td></tr>
<tr><td>१५.</td><td>आन्तरिक कर दस्तुर: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ५८८०२।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी</td></tr>
</table>

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|

रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

### साबिक आमचोक गाउँ विकास समिति

१६. **आय-व्यय विवरण:**

वार्षिक आर्थिक विवरण

आ.ब. २०७३/७४

२०७३ फागुन २६ सम्मको

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| **गत वर्षको मौज्दात** | | १२१२४३।६३ | **चालु खर्च** | | ४४८२३७६।०० |
| क) गाविस कोष | १२१२४३।६३ | | क) नेपाल सरकार चालु अनुदान | ३७०१४७।०० | |
| **यस वर्षको आय (गाविस कोष)** | | ७३११०९४।०० | ख) विविध चालु अनुदान | ४०२२९।०० | |
| क) आन्तरिक आय मालपोत | १२२२९।०० | | ग) सामाजिक सुरक्षा | ४०७२०००।०० | |
| क) आन्तरिक आय व्यवसाय कर | ३०००।०० | | **पुंजिगत खर्च** | | १६००२७०।२९ |
| क) आन्तरिक आय दस्तुर | १७०००।०० | | क) नेपाल सरकार पुंजिगत अनुदान | १५७५२७०।२९ | |
| क) आन्तरिक आय दण्डजरिवाना | ८०००।०० | | ख) विविध पुँजिगत अनुदान | २५०००।०० | |
| ख) नेपाल सरकार अनुदान | २७७६८६५।०० | | **मौज्दात** | | १३४९६९१।३४ |
| ग) जिल्ला विकास समिति अनुदान | ४२२०००।०० | | क) गाविस कोष बैंक | १३४८७८३।३४ | |
| ङ) सामाजिक सुरक्षा | ४०७२०००।०० | | ख) गाविस कोष नगद | ९०८।०० | |
| **जम्मा** | | ७४३२३३७।६३ | **जम्मा** | | ७४३२३३७।६३ |

१७. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ४०२२९।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

१८. गत आ.ब. को लेखापरिक्षणमा रु. ९०८।- को नगद मौज्दात देखिएकोमा उक्त मौज्दात श्रेष्तामा जिम्मेवारी नसारेको हुनाले ले.प.का लागि पेश भएको आय व्यय विवरणमा नगद मौज्दात रहेको रकम गाउँ पालिकामा हस्तान्तरण नभएकोले गाउँ पालिकाको संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुन पर्ने रु ९०८।-

### साबिक फूएतप्पा गाउँ विकास समिति

१९. **आय-व्यय विवरण:**

वार्षिक आर्थिक विवरण

आ.ब. २०७३/७४

२०७३ फागुन २६ सम्मको

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| **गत वर्षको मौज्दांत** | | ५६०११।४६ | **चालु खर्च** | | ४१३६६४६।०० |
| क) गाविस कोष | ५६०११।४६ | | क) नेपाल सरकार चालु अनुदान | ५५४२४६।०० | |
| **यस वर्षको आय (गाविस कोष)** | | ६५८१८६०।०० | ख) सामाजिक सुरक्षा | ३५८२४००।०० | |
| क) आन्तरिक आय मालपोत | ३२०००।०० | | **पुंजिगत खर्च** | | १७०२५५०।०० |
| ख) आन्तरिक आय दस्तुर | ३८०००।०० | | क) नेपाल सरकार पुंजिगत अनुदान | १७०२५५०।०० | |
| ग) नेपाल सरकार अनुदान | २४३३४६०।०० | | **मौज्दात** | | ७९८६७५।४६ |
| घ) जिल्ला विकास समिति अनुदान | ४९६०००।०० | | क) गाविस कोष | ७९८६७५।४६ | |
| ङ) सामाजिक सुरक्षा | ३५८२४००।०० | | | | |
| **जम्मा** | | ६६३७८७१।४६ | **जम्मा** | | ६६३७८७१।४६ |

२०. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ७००००।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२१. चालु खर्च अन्तर्गत आ.ब. लेखापरिक्षण खर्च बापत मिति २०७३।१०।१४को भौ नं. १३ बाट रु. २२,००० लेखांकन गरेको देखिएको तर लेप शुल्कका लागि बिल पेश नभएको, ले.प. शुल्क सहितको नियुक्ति पेश नभएको तथा उक्त भूक्तानीमा कर कटि नभएको रु ३३००।००

### साबिक लुम्दे गाउँ विकास समिति

२२. **आय-व्यय विवरण:**

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|

वार्षिक आर्थिक विवरण

आ.ब. २०७३/७४

२०७३ फागुन २६ सम्मको

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| **गत वर्षको मौज्दात** | | २५५९०६।०० | **चालु खर्च** | | १६७०११४।०० |
| क) गाविस कोष | ८०७८७।०० | | क) नेपाल सरकार चालु अनुदान | ३६१७१४।०० | |
| ख) कर्मचारी कल्याण कोष | १८२५०।०० | | ख) विविध चालु खर्च | ३००००।०० | |
| ग) मर्मत संभार कोष | १५५८८९।०० | | ग) सामाजिक सुरक्षा | १२७८४००।०० | |
| घ) सरसफाई कोष | ९८०।०० | | | | |
| **यस वर्षको आय (गाविस कोष)** | | ५७८०५७७।५० | **पुंजिगत खर्च** | | २०८०६५१।०० |
| क) आन्तरिक आय घरजग्गा कर | ८००।०० | | क) नेपाल सरकार पुंजिगत अनुदान | २०२५६५१।०० | |
| ख) आन्तरिक आय मालपोत भूमीकर | १५२१३।०० | | ख) विविध पुँजीगत खर्च | ५५०००।०० | |
| ग) आन्तरिक आय व्यवसाय कर | १६००।०० | | | | |
| क) आन्तरिक आय सेवा शुल्क | ७७५।०० | | **विशेष कोष खर्च** | | २३९९४५।०० |
| क) आन्तरिक आय दण्ड जरिवाना | २७२०५।०० | | क) मर्मत संभार कोष | २३९९४५।०० | |
| क) आन्तरिक आय अन्य आय | ६६५०।०० | | **मौज्दात** | | २२२८०३३।५० |
| ख) नेपाल सरकार अनुदान | २४२३५३४।५० | | क) गाविस कोष | २११०५९८।५० | |
| ग) जिल्ला विकास समिति अनुदान | ७४००००।०० | | ख) कर्मचारी कल्याण कोष | १८२५०।०० | |
| ङ) सामाजिक सुरक्षा | २५६४८००।०० | | ग) मर्मत संभार कोष | ९८२०५।०० | |
| **विशेष कोष आय** | | १८२२६०।०० | घ) सरसफाई कोष | ९८०।०० | |
| मर्मत संभार कोष | १८२२६०।०० | | | | |
| **जम्मा** | | ६२१८७४३।५० | **जम्मा** | | ६२१८७४३।५० |

२३. **आन्तरिक कर दस्तुर**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ५२२४३।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२४. **विल भरपाई नभएको -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विल भरपाई नभएको व्यहोरा देहायमा उल्लेख छः

२५. मिति २०७४।३।२५को भौ नं ३४ बाट लेखांकन गरिएको वायरलेस इन्टरनेट खर्च रु. ४५२००।० को खर्च पूष्ट्याई गर्ने बिल तथा कागजात पेश नभएको पेस गर्नु पर्ने रु ४५२००।०

२६. मिति २०७४/३/१९ को भौ नं २१ बाट बालबालिका क्षमता बिकाशकालागि ४ वटा विभिन्न स्कुलबाट पेश भएको बिलको आधारमा लेखांकन गरिएको रु. ४७०००।- का सम्बन्धमा परिक्षण गर्दा गाविस बाट सामजिक परिचालकले चेक मार्फत रकम बूझेको भनिएता पनि विधालयलाई रकम बूझाएको प्रमाण पेश नभएको रु ४७०००।-

२७. **पेश्की बांकी -** बिगत लामो समय देखि अल्या भएको पेश्की यस आर्थिक वर्षमा फछर्यौट हुन नसकि जिम्वेवारी सारिएको निम्नानुसारको पेश्की स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम फछर्यौट गर्नु पर्नेमा लेखापरीक्षण अवधि सम्म पनि फछर्यौट भएको देखिएन। विगत वर्ष देखी बाँकी पेश्की फछर्यौट गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।

| मिति | पेश्की लिने व्यक्ती/संस्था | रकम |
|---|---|---|
| २०५७।११।०३ | नरेन्द्र कुमार सुब्बा | ८०,००० |
| २०५७।५।०८ | नरेन्द्र कुमार सुब्बा | १०,००० |
| २०५७।११।१३ | नरेन्द्र कुमार सुब्बा | १०,००० |
| २०६५।११।३० | लोक बहादुर मुखिया | ३०,००० |

**साबिक एकतप्पा गाउँ विकास समिति**

२८. **आय-व्यय विवरण:**

वार्षिक आर्थिक विवरण

आ.ब. २०७३/७४

२०७३ फागुन २६ सम्मको

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |

| दफा नं. | भौ.नं./ मिति र व्यहोरा |
|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| **गत वर्षको मौज्दात** | | ४०३८५।०० | **चालु खर्च** | | २७२६६०६।७५ |
| क) गाविस कोष | ४००००।०० | | क) नेपाल सरकार चालु अनुदान | ३९७००६।७५ | |
| ख) कर्मचारी कल्याण कोष | ३८५।०० | | ख) सामाजिक सुरक्षा | २३२९६००।०० | |
| **यस वर्षको आय (गाविस कोष)** | | ७८४३१५०।०० | **पुंजिगत खर्च** | | २६५१५५०।०० |
| क) आन्तरिक आय मालपोत | २६२९५।०० | | क) नेपाल सरकार पुंजिगत अनुदान | २४४१५५०।०<br>० | |
| क) आन्तरिक आय दस्तुर | १४७०५।०० | | ख) आन्तरीक पुंजिगत अनुदान | २००००।०० | |
| ख) नेपाल सरकार अनुदान | २८१८५५०।०० | | ग) विविध पुँजिगत अनुदान | १९००००।०० | |
| ग) जिल्ला विकास समिति अनुदान | ३४६०००।०० | | **मौज्दात** | | २५०५३७८।२५ |
| ङ) सामाजिक सुरक्षा | ४६३७६००।०० | | क) गाविस कोष | २५०४९९३।२५ | |
| | | | ख) कर्मचारी कल्याण कोष | ३८५।०० | |
| **जम्मा** | | ७८८३५३५।०० | **जम्मा** | | ७८८३५३५।०० |

२९. **आन्तरिक कर दस्तुर**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ४१०००।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ। नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद, दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

३०. **वढी भ्रमण खर्च -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली वमोजिम दैनिक तथा भ्रमण भत्ता भुक्तानी गर्नु पर्दछ ।कार्यलय सहायक विष्णूलाल खनाललाई कार्यालयको लागि २०७३।६।११ देखि १३ तथा मिति २०७३।५।१ देखि ४ सम्म भ्रमण आदेशमा मूकाम नखूलेको तथा निजको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा रु. ११२००।- मध्ये यातायात खर्च रु. १६००।- को बिल नभएको तथा साथै फर्केको दिनको लागि एक चौथाइ दरमा मात्र भुक्तानी गर्नूपर्नेमा आधा दरमा भूक्तानी भई रु. २७००।- अधिक भुक्तानी भएको देखिएको रु २७००।- असुल गर्नु पर्ने देखिएको रु. १८००।०

३१. गा.वि.स.सचिव निर्मल तिम्सिनाले कार्यालयको लागि २०७३।६।१ देखि ९ तथा अन्य २ भ्रमण खर्च मध्ये भ्रमण आदेशमा मूकाम नखूलेको तथा निजको मिति उल्लेख नभएको भ्रमण बिलको आधारमा रु. २१३००।० मध्ये यातायात खर्च रु.२४००।० को बिल नभएको साथै फर्केको दिनको लागि एक चौथाई दरमा मात्र भुक्तानी गर्नूपर्नेमा आधा दरमा भूक्तानी भई १८००।० बढी भुक्तानी भएको देखिएको असुल गर्नु पर्ने देखिएको रु १८००।०

३२. पेश भएको बिल अनुसार बस नं. ७१२१ नौ दिनको लागि रिर्जभ गरेबापत भाडा रु. १८९०००।- भुक्तानी गरेको देखिएको भएतापनी उक्त खर्चको प्रयोजन स्पष्ट नभएको साथै उक्त भाडा भूक्तानीमा १० प्रतिशतका दरले रु. १८९००।० कर कट्टा गरेको नदेखिएको रु १८९००।०

## स्रोत उपयोग र उपलब्धिको विवरण

| क्र. सं. | स्रोत | | क्र.सं. | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|---|
| १ | बजेट विनियोजन | | १ | बजेट खर्च | |
| | | | २ | तलव भत्ता | |
| | | | ३ | संचालन खर्च | |
| | | | ४ | पुजिगत खर्च | |
| २ | कर्मचारी संख्या | | ५ | स्थानीय तहको आम्दानी | |
| | | | ६ | धरौटी आम्दानी | |
| ३ | भौतिक पूर्वाधारः<br>• भवन संख्या<br>• सवारी साधन संख्या | <br>३<br>६ | ७ | कार्यक्रम उपलब्धि<br>• तालिम प्राप्त गर्नेको संख्या<br>• योजना संचालन<br>• सामाजिक सुरक्षा भत्ता बितरण<br>• बिभिन्न सडक तथा भवन निर्माण | |

## बेरुजू वर्गीकरण

| क्र.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | **असुल गर्नुपर्ने** | २१,३०,३१,३२, | २५२००.०० |
| २ | **नियमित गर्नुपर्ने** | | ६०५४३३.०० |
| | • अनियमित भएको | | ०.०० |
| | • प्रमाण कागजात पेश नभएको | १२,१८,२५,२६, | ६०५४३३.०० |
| | • जिम्मेवारी नसारेको | | ०.०० |
| | • शोधभर्ना नलिएको | | ०.०० |
| ३ | **पेश्कीः** | | ०.०० |
| | • कर्मचारी | | ०.०० |
| | • संस्थागत | | ०.०० |
| ४ | **सैद्धान्तिक** | २,३,४,५,६,७,८,९,१०,११,१३,१५,१७,२०,२३,२७,२९, | ०.०० |
| **जम्मा** | | | ६३०६३३.०० |